


वर्ष ४८ अङ्क २ कात्तिक २०८० अक्टोबर-नोभेम्बर २०२३

# गभर्नर अधिकारी आईएमएफ-विश्व बैंक समूहको वार्षिक बैठकमा सहभागी



गभर्नर महाप्रसाद अधिकारी असोज २२ देखि २८ सम्म मोरोक्कोको माराकेस सहरमा आयोजित अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंक समूह (IMF-World Bank Group) को Annual Meetings, 2023 मा सहभागी हुनुभयो ।

उक्त बैठकमा सदस्य राष्ट्रका अर्थमन्त्री, केन्द्रीय बैंकका गभर्नर र वित्त तथा मौद्रिक अधिकारीहरूको सहभागिता थियो । सो अवसरमा आयोजित प्लेनरी बैठकमा गभर्नर अधिकारी सहभागी हुनुभयो । उक्त प्लेनरीमा नेपाली टोलीको नेतृत्व अर्थमन्त्री डा. प्रकाशशरण महतले गर्नुभएको थियो । प्लेनरीको अध्यक्षता युक्रेनका वित्तमन्त्री सर्जी मर्चेन्कले गर्नुभयो भने विश्व बैंक समूहका अध्यक्ष अजय बाङ्गा र अन्तर्राष्ट्रिय मुद्रा कोषका प्रबन्ध निर्देशक क्रिस्टालिना जर्जिभाले बैठकलाई सम्बोधन गर्दै विश्व अर्थतन्त्रमा देखिएका उतारचढाव र यसको सम्बोधनका निम्ति अपनाउनुपर्ने उपायबारे चर्चा गर्नुभएको थियो ।

गभर्नर अधिकारी 54th Joint Governors' Meeting of IMF-WB South East Asia Constituency, IMF को Asia Pacific Department (APD), Monetary and Capital Market Department (MCM) र अन्तर्राष्ट्रिय वित्त निगमको एसिया प्रशान्त क्षेत्रका उच्च पदाधिकारीहरूसँगको बैठकमा सहभागी हुनुभयो । उक्त बैठकमा नेपालले कोषसँग लिएको विस्तारित कर्जा सुविधालगायतका विषय र भावी कार्यक्रमका बारेमा छलफल भएको थियो । सोही अवसर पारेर गभर्नर अधिकारीले अन्तर्राष्ट्रिय मुद्रा कोष, एसिया प्रशान्त विभागका अधिकारीहरूसँग भेटवार्ता गर्नुभएको थियो ।

साथै, साइडलाइन बैठकको क्रममा उहाँ स्टेट बैंक अफ पाकिस्तानले आयोजना गरेको 44th SAARCFINANCE Governor's Meetings मा सहभागी हुनुभयो । गभर्नर अधिकारीले भारतीय रिजर्व बैंकका गभर्नर शक्तिकान्त दास र रोयल मनिटरी अथोरिटी अफ भुटानका गभर्नर दासो पेन्जोसँग छुट्टाछुट्टै भेटवार्ता गर्नुभएको थियो । बैठकमा सहभागी भई उहाँ असोज ३० गते स्वदेश फर्कनुभयो । बैठकमा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ र गभर्नरको कार्यालयका सहायक निर्देशक पुष्पचन्द्र खनालको पनि सहभागिता थियो ।

हाल विश्व बैंक समूहअन्तर्गत १८९ राष्ट्रहरू आबद्ध छन् भने अन्तर्राष्ट्रिय मुद्रा कोषमा १९० राष्ट्रहरू सम्मिलित छन् । ■

# राष्ट्रिय जनावर गाईको चित्र अङ्कित 'मेडालियन सिक्का' सार्वजनिक

नेपाल राष्ट्र बैंक, टक्सार महाशाखाले राष्ट्रिय जनावर गाईको चित्र अङ्कित 'मेडालियन सिक्का'को बिक्री सुरु गरेको छ ।

काठमाडौंको सुन्धाराबाट बबरमहलस्थित नेपाल औषधी उद्योगको परिसरमा स्थानान्तरण भएपश्चात् पुराना मेसिनहरू मर्मत/सम्भार गरी मुद्रण कार्य थालनी गरेसँगै महाशाखाले उक्त सिक्का टकमरी गरी बिक्री सुरु गरेको हो ।

असोज ७ गते महाशाखामा आयोजित सङ्क्षिप्त कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारीले उक्त सिक्का सार्वजनिक गर्नुभयो । महाशाखाले १० ग्राम र २५ ग्रामका दुई किसिमका चाँदीका मेडालियन सिक्का टकमरी गरी बिक्री सुरु गरेको हो । १० ग्राम सिक्काको रु.१,६०० र २५ ग्राम सिक्काको रु.४,००० मूल्य निर्धारण गरिएको छ । बैंकसँग मौज्दात रहेको चाँदीलाई गलान गरी मेडालियन सिक्का टकमरी गरिएको जानकारी टक्सार महाशाखाले दिएको छ । दुवै सिक्कामा ९९९ टचको चाँदीको प्रयोग गरिएको छ । दर उल्लेख नगरी निष्कासन गरिएको सिक्कालाई 'मेडालियन' भनिन्छ । सर्वसाधारणबाट हुने सिक्काको मागलाई दृष्टिगत गरी यसको टकमरीलाई निरन्तरता दिइने महाशाखाले जनाएको छ ।





बैंक सञ्चालक समितिको २०८० जेठ १९ गते बसेको बैठकले उक्त १० ग्राम र २५ ग्रामका मेडालियन सिक्काको टकमरी गर्न स्वीकृति दिएको थियो । ■

# बाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरूसँग अन्तरक्रिया



गभर्नर महाप्रसाद अधिकारीले नेपाल राष्ट्र बैंकले दिएका नीतिगत व्यवस्थाको पूर्ण पालना गर्न वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरूलाई निर्देशन दिनुभएको छ ।

बैंक सुपरिवेक्षण विभागद्वारा वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरूसँग असोज १७ गते काठमाडौंमा आयोजित अन्तरक्रिया कार्यक्रममा गभर्नर अधिकारीले केन्द्रीय बैंकको निर्देशनलाई पालना नगर्ने प्रवृत्ति पटकपटक दोहोरिएको टिप्पणी गर्नुभयो । उहाँले भन्नुभयो, "बैंक तथा वित्तीय संस्थाबाट राष्ट्र बैंकका निर्देशनको अनुपालन नहुने प्रवृत्ति गम्भीर विषय हो । त्यसप्रति तपाईंहरू संवेदनशील बन्नैपर्छ ।"

गभर्नर अधिकारीले मुलुकको वित्तीय स्थायित्वका लागि राष्ट्र बैंकबाट भएका कामकारबाहीबारे समाजलाई यथार्थ अवस्था बुझाउन र समाजले पनि बुझ्न नसकेको विचार व्यक्त गर्नुभयो । वित्तीय स्थायित्वको लक्ष्य प्राप्तिका निम्ति राष्ट्र बैंकले कुनै कसर बाँकी नराखेको उहाँको धारणा थियो । मौद्रिक नीतिले मात्र अर्थतन्त्रलाई चलायमान बनाउन नसक्ने उल्लेख गर्दै गभर्नर अधिकारीले त्यसमा राज्यको वित्तीय नीतिको पनि महत्त्वपूर्ण भूमिका रहने बताउनुभयो । अर्थतन्त्र चुनौतीपूर्ण अवस्थामा रहेको उल्लेख गर्दै उहाँले केही समय संयमित रहन बैंक तथा वित्तीय संस्थाहरूलाई आग्रह गर्नुभयो ।

सो अवसरमा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले वित्तीय क्षेत्रका समसामयिक विषयलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्र प्रस्तुतिपश्चात् सहभागीहरूबीच छलफल भएको थियो । छलफल सत्रको सहजीकरण गर्दै डेपुटी गभर्नर बमबहादुर मिश्रले अहिलेको चुनौतीपूर्ण अवस्थामा संयमपूर्वक कार्यसम्पादन गर्दै वित्तीय स्थायित्वका निम्ति सबैले प्रयास गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

कार्यक्रममा विभिन्न विभागका कार्यकारी निर्देशकहरूको समेत सहभागिता थियो । बैंक सुपरिवेक्षण विभागका निर्देशक रोशनकुमार सिग्लेलले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक रोजी थापा मगरले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# सञ्चालक पुष्करद्वारा प्रधानन्यायाधीश श्रेष्ठसमक्ष शपथ

अर्थ मन्त्रालयका सचिव डा. कृष्णहरि पुष्करले प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठसमक्ष नेपाल राष्ट्र बैंक सञ्चालक समितिको सदस्यको रूपमा शपथ लिनुभएको छ ।

असोज ४ गते सर्वोच्च अदालतमा आयोजित एक कार्यक्रममा प्रधानन्यायाधीश श्रेष्ठले उहाँलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको हो ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १४ मा अर्थ मन्त्रालयका सचिव नेपाल राष्ट्र बैंक सञ्चालक समितिको सदस्य रहने व्यवस्था छ । सोही ऐनको दफा १०८ (१) मा बैंकका सञ्चालकले सर्वोच्च अदालतको प्रधानन्यायाधीश वा निजले तोकेको न्यायाधीशसमक्ष शपथ लिनुपर्ने व्यवस्था छ ।



शपथ ग्रहण कार्यक्रममा सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश ईश्वरप्रसाद खतिवडा, मुख्य रजिष्ट्रार लालबहादुर कुँवर, रजिष्ट्रारद्वय नारायणप्रसाद पन्थी र निर्मला पौडेल, सह-रजिष्ट्रारद्वय विमल पौडेल र भद्रकाली पोखरेल, नेपाल राष्ट्र बैंकका निर्देशक एवम् सञ्चालक समितिका सचिव मुक्तिनाथ सापकोटालगायतका अधिकारीहरूको उपस्थिति थियो । ■

# तालिम तथा क्षमता विकास नीति/योजनासम्बन्धी गोष्ठी

मानव संशाधन व्यवस्थापन विभागले असोज १९ गते काठमाडौंमा तालिम तथा क्षमता विकास नीति/योजनासम्बन्धी गोष्ठी आयोजना गऱ्यो ।

डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्रको उपस्थितिमा विभागले उक्त गोष्ठी आयोजना गरेको हो । सो अवसरमा काठमाडौंस्थित विभिन्न विभाग/कार्यालयका कार्यकारी निर्देशक र निर्देशकहरूको सहभागिता थियो ।




कार्यक्रममा डेपुटी गभर्नर तिम्सिनाले कर्मचारीको क्षमता विकासमा तालिम तथा क्षमता विकास नीति/योजनाको महत्त्व र आवश्यकताबारे चर्चा गर्दै उक्त नीतिको मस्यौदाउपर रचनात्मक सुझाव दिन आग्रह गर्नुभयो । सो अवसरमा मानव संशाधन व्यवस्थापन विभागका निर्देशक वीरेन्द्रदत्त अवस्थीले 'तालिम तथा क्षमता विकास नीति/योजना' मस्यौदाका विषयवस्तुबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । गोष्ठीको छलफल सत्रमा सहभागी कार्यकारी निर्देशक र निर्देशकहरूबाट मस्यौदा प्रतिवेदनउपर राय/सुझाव प्राप्त भएको थियो ।

कार्यक्रममा डेपुटी गभर्नर मिश्रले सहभागीबाट प्राप्त राय/सुझावलाई समावेश गरी मस्यौदालाई अन्तिम रूप दिन मानव संशाधन व्यवस्थापन विभागलाई निर्देशन दिनुभयो । सो अवसरमा विभागका कार्यकारी निर्देशक तुलसीप्रसाद घिमिरेले स्वागत मन्तव्य राख्दै तालिम तथा क्षमता विकास नीति/योजनाले कर्मचारीको ज्ञान, सीप र दक्षता अभिवृद्धिमा सकारात्मक प्रभाव पर्ने धारण राख्नुभयो ।

विभागका सहायक निर्देशक आकाशा बज्राचार्यले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# एसआईएससम्बन्धी अनुशिक्षण कार्यक्रम

लघुवित्त संस्था सुपरिवेक्षण विभागले असोज १५ गते काठमाडौंमा सुपरिवेक्षकीय सूचना प्रणाली (एसआईएस) सम्बन्धी अनुशिक्षण कार्यक्रम आयोजना गर्‍यो ।

बागमती (काठमाडौं उपत्यकाभित्र), गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा केन्द्रीय कार्यालय रहेका ३१ वटा लघुवित्त वित्तीय संस्थाका प्रतिनिधिको सहभागितामा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा बैंक सुपरिवेक्षण विभागका उप-निर्देशकद्वय डिल्लीराम पोखेल र यज्ञ श्रेष्ठले 'एसआईएस कार्यान्वयनको अवस्था तथा सुपरिवेक्षकीय सूचना प्रणालीको व्यावहारिक कार्यान्वयन र 'Offsite Module & Templates' विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।



कार्यक्रममा विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले समापन मन्तव्य राख्नुभयो । सो अवसरमा विभागका निर्देशक चेतप्रसाद उप्रेतीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने उप-निर्देशक भुवानीप्रसाद गौतमले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# सङ्खुवासभा र दार्चुलामा आर्थिक तथ्याङ्क गोष्ठी

विराटनगर कार्यालयले असोज १५ गते सङ्खुवासभाको खाँदबारीमा 'आर्थिक तथ्याङ्कको महत्त्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्या' विषयक गोष्ठी आयोजना गर्‍यो ।

आर्थिक तथ्याङ्कको महत्त्व र उपादेयताबारे जानकारी दिने र तथ्याङ्क सङ्कलनमा देखिएका समस्याको पहिचान गरी सोको समाधान गर्ने उद्देश्यले उक्त गोष्ठी आयोजना गरिएको हो । खाँदवारी नगरपालिकाका प्रमुख महेश थपलियाको प्रमुख आथित्यमा आयोजित गोष्ठीमा तथ्याङ्क प्रदायक सरकारी निकाय, सङ्खुवासभा उद्योग वाणिज्य संघ, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, होटेल व्यवसायी, स्थानीय शिक्षक र कृषकसहित करिब ६० जनाको सहभागिता थियो ।



कार्यक्रममा कार्यालयका उप-निर्देशक मनोज गुरुङले 'आर्थिक तथ्याङ्कको महत्त्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्या' विषयमा कार्यपत्र प्रस्तुत गर्दै विभिन्न निकायबाट राष्ट्र बैंकले सङ्कलन गर्ने तथ्याङ्क, सोको प्रशोधन र उपयोगबारे जानकारी दिनुभयो । कार्यक्रममा सहभागीले तथ्याङ्क प्राप्ति र सोको व्यवस्थापनमा देखिएका समस्याबारे आ-आफ्नो धारणा राखेका थिए ।

कार्यक्रममा खाँदबारी नगर प्रमुख महेश थपलियाले तथ्याङ्क नीति तर्जुमामा सहयोग पुग्ने धारणा राख्दै राष्ट्र बैंकलाई समयमै यथार्थपरक तथ्याङ्क उपलब्ध गराउन सरोकारवाला निकायलाई आग्रह गर्नुभयो । सो अवसरमा विराटनगर कार्यालयका निर्देशक इन्द्रा चम्लागाई मैनालीले गुणस्तरीय तथ्याङ्कको आवश्यकताबारे उल्लेख गर्दै सहभागीबाट उठेका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

सो अवसरमा कार्यालयका सहायक निर्देशक सविना बखाद्योले स्वागत मन्तव्यसहित कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने प्रधान सहायक अनिश गुरागाईंले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसै गरी, धनगढी कार्यालयले दार्चुलाको खलङ्गामा असोज २१ गते 'आर्थिक तथ्याङ्कको महत्त्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्या' विषयक गोष्ठी आयोजना गर्‍यो ।

कार्यालयका निर्देशक विनोदराज लेखकको अध्यक्षतामा आयोजित गोष्ठीमा आर्थिक गतिविधि अध्ययन प्रतिवेदनका लागि तथ्याङ्क उपलब्ध गराउने सरकारी निकाय, बैंक तथा वित्तीय संस्था, उद्यमी, होटल व्यवसायीसहित सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता थियो । कार्यक्रममा कार्यालयका उप-निर्देशक राजनबाबु पाण्डेयले आर्थिक तथ्याङ्कको महत्त्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्याका सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभयो ।

सो अवसरमा कार्यालयका प्रधान सहायक ललित कार्कीले स्वागत मन्तव्य राख्नुभयो भने सहायक मोहन धानुकले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# अनुशिक्षण कार्यक्रम सम्पन्न



गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग र प्रदेशस्थित कार्यालयका कर्मचारीको सहभागितामा असोज ५ गते अनुशिक्षण कार्यक्रम सम्पन्न भयो ।

गैर-बैंकिङ वित्तीय संस्थाका निरीक्षण र सुपरिवेक्षणलाई प्रभावकारी बनाउने उद्देश्यले प्रचलित ऐन, एकीकृत परिपत्र, निर्देशन र नीतिगत व्यवस्थाबारे जानकारी दिने उद्देश्यका साथ गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागले उक्त अनुशिक्षण आयोजना गरेको हो ।

कार्यक्रममा विभागका उप-निर्देशकद्वय मनोज पोखरेल र सचिनराज पियाले क्रमशः इजाजतपत्रप्राप्त मनिचेन्जर कम्पनी र मनिचेन्जरबाहेकका विदेशी मुद्रा कारोवार गर्न इजाजतपत्रप्राप्त संस्थासम्बन्धी एकीकृत परिपत्र र विनियमावलीका व्यवस्था तथा सुपरिवेक्षकीय विषयवस्तु सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभयो । यसै गरी, सहायक निर्देशक निशान हिताङले FXOL System मा Online Reporting को सम्बन्धमा अनुशिक्षण गर्नुभएको थियो ।

वार्ता प्रस्तुतिपछि आयोजित अन्तरक्रिया सत्रमा सहभागीहरूबीच कार्यपत्रमाथि छलफल भएको थियो । कार्यक्रममा विभागका कार्यकारी निर्देशक प्रदीपराज पौड्यालले समापन मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा विभागका निर्देशक रञ्जना पौडेलले स्वागत मन्तव्यसहित कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक मीरा ज्ञवाली नेपालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# सरकारी कारोबारसम्बन्धी गोष्ठी सम्पन्न




बैंकिङ विभागले असोज १९ गते काठमाडौंमा ‘स्थानीय तहको सरकारी कारोबारसँग सम्बन्धित समस्या तथा समाधान’ विषयक गोष्ठी आयोजना गऱ्यो ।

विभागका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीको उपस्थितिमा आयोजित कार्यक्रममा बैंकिङ विभाग, आर्थिक अनुसन्धान विभाग, महालेखा नियन्त्रक कार्यालय, नेपाल क्लियरिङ हाउस लिमिटेड, सरकारी कारोबारमा संलग्न वाणिज्य बैंक, काठमाडौं, ललितपुर र भक्तपुर जिल्लास्थित सबै स्थानीय तहका प्रतिनिधिसहित ६१ जनाको सहभागिता थियो ।

सो अवसरमा विभागका कार्यकारी निर्देशक पंगेनीले सबै स्थानीय तहमा नेपाल राष्ट्र बैंकको उपस्थिति नभए तापनि वाणिज्य बैंकमार्फत स्थानीय तहको सरकारी कारोबार सञ्चालनको व्यवस्था मिलाइएको जानकारी दिनुभयो । यस प्रकारका गोष्ठीले सरकारी कारोबारको व्यवस्थापन, नियमित रिपोर्टिङ र हिसाबमिलानलाई अद्यावधिक गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा विभागका उप-निर्देशक टीकाराम तिमिल्सिनाले ‘स्थानीय तहको सरकारी कारोबारको सञ्चालन तथा व्यवस्थापन’ विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी, महालेखा नियन्त्रक कार्यालयका उप-महालेखा नियन्त्रक रामचन्द्र शर्माले ‘स्थानीय तहको सरकारी कारोबार, सञ्चालन तथा व्यवस्थापनमा महालेखा नियन्त्रक कार्यालय र वाणिज्य बैंकहरूबीचको अन्तरसम्बन्ध, समस्या तथा चुनौतीहरू’ विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । उक्त कार्यपत्रमाथि सहभागीहरूबीच छलफल भएको थियो ।

सो अवसरमा विभागका का.मु. निर्देशक सुवास आचार्यले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक प्रलिसा जोशीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# पोखरा र कपिलवस्तुमा नगद कारोबारसम्बन्धी अनुशिक्षण

सिद्धार्थनगर कार्यालयले असोज ७ गते कपिलवस्तुको चन्द्रौटामा 'शङ्कास्पद विदेशी मुद्रा पहिचान, बैंकिङ कारोबार सञ्चालन, नोट सर्टिङ तथा जाली नोट पहिचान' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक सत्येन्द्रराज सुवेदीको संयोजकत्वमा आयोजित कार्यक्रममा बैंकिङ विभागका उप-निर्देशक गेदा पंगेनीले शङ्कास्पद विदेशी मुद्रा पहिचान र बैंकिङ कारोबार सञ्चालन विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी, मुद्रा व्यवस्थापन विभागका उप-निर्देशक बद्रीनाथ नेपालले नोट सर्टिङ तथा जाली नोट पहिचान विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा निर्देशक सुवेदीले चाडबाडमा वितरण गरिएको नयाँ नोट पुनः बैंकमा फर्किएर ढुकुटीमा रहँदा त्यसको आयु घट्दै जाने धारणा राख्नुभयो । सो अवसरमा सहभागीहरूबीच नगद तथा सिक्का व्यवस्थापन, मुद्रा सटहीसहित समसामयिक आर्थिक गतिविधिका सम्बन्धमा समेत छलफल भएको थियो । कार्यक्रममा स्थानीय बैंक तथा वित्तीय संस्थाका शाखा प्रमुख, स्थानीय निकायका प्रतिनिधि, उद्योगी/व्यवसायी, क्याम्पस प्रमुख तथा शिक्षक, नेपाल प्रहरी, सहकारी संस्थाका प्रतिनिधि, पुरोहितसहित ६० जनाको सहभागिता थियो ।



सो अवसरमा सिद्धार्थनगर कार्यालयका सहायक निर्देशक सरोज गोतामेले कार्यक्रमको उद्देश्य र महत्त्वबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक कृष्णप्रसाद भट्टराईले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसै गरी, पोखरा कार्यालयले असोज ११ गते पोखरामा शङ्कास्पद विदेशी मुद्रा पहिचान, बैंकिङ कारोबार सञ्चालन, नोट सर्टिङ तथा जाली नोट पहिचानसम्बन्धी अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो । मुद्रा व्यवस्थापन विभाग र बैंकिङ विभागको समन्वयमा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो ।



कार्यक्रममा मुद्रा व्यवस्थापन विभागका निर्देशक वासुदेव भट्टराईले 'नोट सर्टिङ तथा जाली नोट पहिचान' र बैंकिङ विभागका उप-निर्देशक माधवप्रसाद पोखरेलले 'शङ्कास्पद विदेशी मुद्रा पहिचान तथा बैंकिङ कारोबार सञ्चालन' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

जाली/नक्कली नोटको प्रयोग र प्रसारबाट अर्थतन्त्रमा पर्ने प्रभाव, शङ्कास्पद मुद्राको पहिचान र आवश्यक कारबाहीसम्बन्धी जानकारी, सफा नोट नीतिको कार्यान्वयन, प्रभावकारी बैंकिङ कारोबारलगायतका विषयमा अनुशिक्षण केन्द्रित थियो ।

सो अवसरमा पोखरा कार्यालयका उप-निर्देशक सम्झना ढकालले यस्तो कार्यक्रमबाट बैंकिङ कारोबार, नगद व्यवस्थापन, नोट सर्टिङ र जाली नोट पहिचान, सफा नोट नीतिको प्रभावकारी कार्यान्वयनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा पोखरास्थित बैंक तथा वित्तीय संस्था, जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, अध्यागमन कार्यालयका प्रतिनिधिसहित करिब सय जनाको सहभागिता थियो । कार्यालयका सहायक निर्देशक अञ्जना जोशीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# शोधनान्तर तथ्याङ्कसम्बन्धी अन्तरक्रिया




आर्थिक अनुसन्धान विभागले असोज १५ गते काठमाडौंमा शोधनान्तर तथ्याङ्क सङ्कलन तथा प्रशोधनसँग सम्बन्धित विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठको उपस्थितिमा आयोजित कार्यक्रममा वाणिज्य बैंक र राष्ट्रियस्तरका विकास बैंकका अनुपालना विभागका प्रमुख तथा शोधनान्तर अधिकारी र राष्ट्र बैंकको बैंकिङ विभाग, विदेशी विनिमय व्यवस्थापन विभाग र सूचना प्रविधि विभागका कर्मचारीको सहभागिता थियो ।

कार्यक्रममा आर्थिक अनुसन्धान विभागका का.मु. निर्देशक डा. बीरेन्द्रबहादुर बुढाले आर्थिक नीति निर्माणमा शोधनान्तर तथ्याङ्कको महत्त्वबारे प्रकाश पार्दै यथार्थपरक तथ्याङ्कको सङ्कलन र प्रकाशनमा तथ्याङ्क प्रदायक संस्थाको भूमिका महत्त्वपूर्ण हुने धारणा राख्नुभयो । कार्यक्रमको पहिलो सत्रमा विभागका उप-निर्देशक स्वेच्छा शाक्यले शोधनान्तर तथ्याङ्कको परिचय दिँदै BPM6 अनुसार तथ्याङ्क सङ्कलन गर्न 'International Transaction Reporting System (ITRS) Guidelines, 2022' मा रहेका व्यवस्थाबारे प्रस्तुति दिनुभयो । कार्यक्रमको दोस्रो सत्रमा BPM6 बमोजिम तथ्याङ्क सङ्कलन कार्यमा देखिएका विविध विषयवस्तुबारे सहभागीहरूबीच अन्तरक्रिया भएको थियो ।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक श्रेष्ठले अर्थतन्त्रको बाह्य क्षेत्र प्रतिविम्बित गर्ने शोधनान्तर तथ्याङ्कको शुद्धता परिष्कृत नीति निर्माणका लागि महत्त्वपूर्ण रहने उल्लेख गर्दै समापन मन्तव्य राख्नुभयो ।

सो अवसरमा विभागका उप-निर्देशक सोना रानाले कार्यक्रमको उद्देश्य र महत्त्वमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक रोलेन्द्रविक्रम जबेगुले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# AML/CFT तथा goAML रिपोर्टिङसम्बन्धी अन्तरक्रिया



वित्तीय जानकारी इकाइले असोज ४ गते सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण र goAML System मा आबद्ध भई रिपोर्टिङ गर्ने सहकारी संस्थाको सहभागितामा अन्तरक्रिया र प्रशिक्षण कार्यक्रम आयोजना गर्‍यो ।

कार्यक्रममा सहकारी विभाग, प्रदेश सहकारी विभाग, काठमाडौं/ललितपुर महानगरपालिकाका सहकारी विभाग, राष्ट्रिय सहकारी महासंघ लिमिटेड, राष्ट्रिय सहकारी बैंक लिमिटेड, विभिन्न विषयगत सहकारी संघका प्रतिनिधिसहित ३० भन्दाबढी सहकारी संस्थाका प्रतिनिधिको सहभागिता थियो । सो अवसरमा सहकारी विभागका रजिष्ट्रार नमराज घिमिरेले सहकारी संस्थाहरू goAML System मा आबद्ध भई रिपोर्टिङ गर्नको निम्ति उक्त प्रणालीलाई थप सरलीकरण गर्नुपर्ने धारणा राख्नुभयो । राष्ट्रिय सहकारी महासंघ लिमिटेडका अध्यक्ष मीनराज कँडेलले सहकारी संस्थाबाट सम्पत्ति शुद्धीकरण हुन नदिन सबै सहकारीले चनाखो भई कारोबार गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा वित्तीय जानकारी इकाइका प्रमुख दीर्घबहादुर रावलले AML/CFT सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१) मा उल्लेख भएअनुसार goAML System मा आबद्ध भई यस प्रणालीमा आबद्ध हुन सबै सहकारी संस्थालाई अनुरोध गर्नुभयो । साथै, goAML System लाई थप सरल बनाउन आवश्यक प्रयास भइरहेको जानकारीसमेत उहाँले दिनुभयो ।

कार्यक्रममा तीन वटा कार्यपत्रहरू प्रस्तुत गरिएको थियो । वित्तीय जानकारी इकाइका सहायक निर्देशक कमल पौडेलले goAML System मा आबद्धता र रिपोर्टिङको आवश्यकता, अवस्था, चुनौती र समाधानका उपाय तथा सहकारी विभागका उप-रजिष्ट्रार टोलराज उपाध्यायले AML/CFT का सम्बन्धमा सहकारी संस्थाले पालना गर्नुपर्ने कानुनी र नियामकीय प्रावधानबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी, इकाइका सहायक (सु.प्र.) विवेश पोखरेलले goAML System मा आबद्ध भई रिपोर्टिङ गर्ने प्रक्रियाबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

सो अवसरमा इकाइका उप-निर्देशक केशवप्रसाद रिमालले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक सपना खत्रीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तरक्रिया

वित्तीय जानकारी इकाईले असोज २९ गते काठमाडौंमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण, पारस्परिक मूल्याङ्कन र इकाइलाई गर्नुपर्ने रिपोर्टिङका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

वाणिज्य बैंकका सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी समितिका सदस्यहरूको सहभागितामा इकाइले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा इकाइका प्रमुख दीर्घबहादुर रावलले एसिया प्यासिफिक समूह (एपीजी)ले प्रकाशन गरेको नेपालको पछिल्लो पारस्परिक मूल्याङ्कनबारे जानकारी दिनुभयो ।

कार्यक्रममा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी चारवटा कार्यपत्र प्रस्तुत गरिएको थियो । इकाइका उप-निर्देशक स्वरूप श्रेष्ठले पारस्परिक मूल्याङ्कन प्रतिवेदन तथा नेपालको AML/CFT Regime र राष्ट्रिय वाणिज्य बैंकका कार्यान्वयन अधिकारी ज्योती भट्टले ग्राहक पहिचान, हिताधिकारीसम्बन्धी प्रणाली तथा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी समितिमा हुने गरेका छलफललगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी, नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडका कार्यान्वयन अधिकारी सगुन पाठकले संस्थागत जोखिम मूल्याङ्कन, goAML System मा रिपोर्टिङ, इकाइसँगको समन्वयलगायतका विषयमा वार्ता प्रस्तुत गर्नुभयो भने स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपालका विजय भण्डारीले सीमापार करेस्पोण्डिङ बैंकिङ, अन्तर्राष्ट्रिय असल अभ्यास, आधुनिक प्रविधिको प्रयोगका विषयमा जानकारी दिनुभएको थियो ।



यसैबीच, विराटनगर कार्यालयले असोज १२ गते विराटनगरमा विदेशी विनिमय कारोबारसम्बन्धी विभिन्न नीतिगत व्यवस्था र सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका सन्दर्भमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त मनिचेञ्जर कम्पनीका प्रतिनिधिको सहभागितामा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । विदेशी विनिमय व्यवस्थापन विभागबाट जारी एकीकृत परिपत्र, मनिचेञ्जर नियमावलीमा भएका व्यवस्थामा केन्द्रित रहेर उक्त अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो ।

सो अवसरमा कार्यालयका उप-निर्देशक कर्ता श्रेष्ठले 'A Brief Overview on AML/CFT Regime' र सहायक निर्देशक अङ्गदीप न्यौपानेले ‘मनिचेञ्जर विनियमावली र विदेशी विनिमय कारोबारसम्बन्धी एकीकृत परिपत्र’ विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा विराटनगर कार्यालयका निर्देशक इन्द्रा चम्लागाई मैनालीले उक्त कार्यक्रमको आयोजनाबाट राष्ट्र बैंकबाट जारी नीतिगत व्यवस्था र निर्देशनको प्रभावकारी पालना हुने, कारोबारको नियमित रिपोर्टिङ सहज हुने र सम्पत्ति शुद्धीकरण निवारणमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा विराटनगरस्थित मनिचेञ्जर कम्पनीका प्रतिनिधिसहित ४० जनाको सहभागिता थियो । कार्यालयका प्रधान सहायक झलेन्द्र पोखरेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# नेपालगञ्जमा समसामयिक विषयमा अन्तरक्रिया

नेपालगञ्ज कार्यालयले असोज २४ गते वित्तीय क्षेत्रका समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिको सहभागितामा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा लुम्बिनी प्रदेशमा निक्षेप तथा कर्जाको अवस्था, शङ्कास्पद तथा जाली नोटको कारोबार, सफा नोट नीति कार्यान्वयनलगायतका समसामयिक विषयमा सहभागीहरूबीच छलफल भएको थियो ।



कार्यक्रममा कार्यालयका निर्देशक गिरिजाप्रसाद कोइरालाले छलफलमा उठेका जिज्ञासाको जवाफ दिँदै राष्ट्र बैंकबाट जारी भएका नीतिगत व्यवस्थाको कार्यान्वयन गर्न बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिनुभयो ।

सो अवसरमा कार्यालयका उप-निर्देशक रामकुमार कार्कीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक मीनराज शर्माले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# पोखरा कार्यालयमा क्युआरमार्फत सटही सुविधा

पोखरा कार्यालयले क्युआर कोडमार्फत मुद्रा सटही गर्न सकिने सुविधा आरम्भ गरेको छ । कार्यालयले असोज २९ देखि यस्तो सेवा सञ्चालनमा ल्याएको हो ।

जसअनुसार सेवाग्राहीले नयाँ/सुकिलो नोट सटही गर्दा, भारतीय मुद्रा र सिक्का खरिद गर्दा क्युआर कोडमार्फत भुक्तानी गर्न सक्नेछन् । यसको निम्ति पोखरा कार्यालय र माछापुच्छ्रे बैंकबीच सम्झौता भएको छ । असोज २६ गते आयोजित कार्यक्रममा पोखरा कार्यालयका निर्देशक आर्या जोशी र माछापुच्छ्रे बैंक लिमिटेड, गण्डकी प्रदेश प्रमुख नीलम गौतम पौडेलले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो ।




सो अवसरमा निर्देशक जोशीले डिजिटल भुक्तानीलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ क्युआर कोडमार्फत भुक्तानी सेवालाई सुरु गरिएको जानकारी दिनुभयो । कार्यक्रममा कार्यालयका उप-निर्देशक सम्झना ढकालले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक रविचन्द्र पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# सर्लाहीको हरिपुरमा डिजिटल वित्तीय साक्षरता कार्यक्रम

गभर्नरको कार्यालयले असोज २६ गते सर्लाहीको हरिपुरमा डिजिटल वित्तीय साक्षरता कार्यक्रम आयोजना गर्‍यो ।

हरिपुर नगरपालिकाका प्रमुख गोपाल पजियारको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम आयोजना गरिएको हो । सो अवसरमा कार्यालयका का.मु. कार्यकारी निर्देशक किरण पण्डित र भुक्तानी प्रणाली विभागका उप-निर्देशक विशाल सर्राफले डिजिटल वित्तीय साक्षरताको अवधारणा, डिजिटल वित्तीय सेवाको प्रयोग, विद्युतीय भुक्तानीका फाइदा, विद्युतीय भुक्तानी कारोबारको सुरक्षित प्रयोग, विद्युतीय भुक्तानी सेवा प्रवर्द्धनमा राष्ट्र बैंकबाट भएका प्रयास र वित्तीय ग्राहक संरक्षणसम्बन्धी व्यवस्थालगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।




सो अवसरमा नगर प्रमुख पजियारले कार्यक्रमको निम्ति हरिपुर नगरपालिकालाई छनोट गरेकोमा राष्ट्र बैंकलाई धन्यवाद दिँदै यसबाट डिजिटल वित्तीय साक्षरता प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । का.मु. कार्यकारी निर्देशक पण्डितले डिजिटल कारोबारप्रतिको बढ्दो आकर्षणसँगै चुनौती पनि थपिएको उल्लेख गर्दै यस्तो कारोबारमा हुन सक्ने ठगीबाट बच्न सजगतता अपनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो । कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, स्थानीय व्यवसायी, शिक्षक, विद्यार्थीसहित ९५ जनाको सहभागिता थियो ।

सो अवसरमा जनकपुर कार्यालयका निर्देशक अशोक घिमिरेले स्वागत मन्तव्य राख्दै कार्यक्रमको महत्त्वबारे प्रकाश पार्नुभयो भने गभर्नरको कार्यालयका सहायक निर्देशक कृष्ण कार्कीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# नेपालमा वित्तीय समावेशीकरणको अवस्था




✍ सिर्जना क्षेत्री
सहायक निर्देशक

### विषय प्रवेश

वित्तीय सेवा (लेनदेन, भुक्तानी, बचत, कर्जा र बीमा) दिगो र सहज रूपमा आममानिसको पहुँचमा पुग्नुलाई वित्तीय समावेशीकरण भनिन्छ । यस्तो सेवामा सर्वसाधारणको सहज पहुँचले आयआर्जन वृद्धि, पुँजी निर्माण, उद्यमशीलता विकास, आर्थिक सशक्तीकरण हुन गई आर्थिक असमानता कम गर्न टेवा पुग्ने हुँदा अधिकांश मुलुकले वित्तीय समावेशीकरणलाई आर्थिक वृद्धि र गरिबी निवारणको महत्त्वपूर्ण संयन्त्रको रूपमा स्वीकार गरेका छन् । संयुक्त राष्ट्र संघले जारी गरेको दिगो विकासका १७ लक्ष्यमध्ये सात वटा लक्ष्य प्राप्तिको कारक वित्तीय समावेशीकरणलाई मानिएको छ । विश्व बैंक (२०२१) का अनुसार विश्वभर करिब १.४ अर्ब वयस्क व्यक्तिहरू वित्तीय सेवाबाट वञ्चित छन् । जसमध्ये महिलाको संख्या ७४ करोड छ । विश्वका ७६.२ प्रतिशत र दक्षिण एसियाका ६७.९ प्रतिशत युवाको मात्रै औपचारिक वित्तीय संस्थामा बैंक खाता रहेको छ । नेपालमा भने ५४ प्रतिशत युवाको बैंक तथा वित्तीय संस्थामा पहुँच रहेको विश्व बैंकको अध्ययनले देखाएको छ ।

### वित्तीय समावेशीकरणका आयाम र दक्षिण एसियामा यसको अवस्था

वित्तीय समावेशीकरणलाई वित्तीय सेवाको पहुँच, उपयोग र गुणस्तर गरी तीन वटा आयामका आधारमा मापन गर्न सकिन्छ । वित्तीय पहुँचले बैंकिङ, कर्जा, बीमा र लगानीका अवसरको उपलब्धता र प्रयोग गर्ने व्यक्ति, घरपरिवार र व्यवसायको क्षमतालाई जनाउँछ । पहुँचले पैसाको व्यवस्थापन गर्न, बचत गर्न, लगानी गर्न र आर्थिक सङ्कटको समाधानको निम्ति वित्तीय उपकरण र सेवाको प्रयोग सुनिश्चित गर्दछ । त्यसले वित्तीय सेवाको प्रयोग गर्ने विधि र शैलीलाई जनाउँछ । यसले वित्तीय प्रणालीमा व्यक्ति वा संस्थाको सक्रिय संलग्नता र सहभागिताको मापन गर्दछ । गुणस्तरले वित्तीय समावेशीकरणलाई प्रवर्द्धन गर्ने प्रयासको प्रभावकारितालाई जनाउँछ । Alliance for Financial Inclusion(AFI) का अनुसार गुणस्तरलाई वित्तीय सेवाको किफायती, सहुलियत, पारदर्शिता, समानता, सुविधा, ग्राहक संरक्षण, वित्तीय शिक्षा, विकल्पको उपलब्धताको आधारमा मापन गर्न सकिन्छ ।




### (क) वित्तीय सेवाको पहुँच

समावेशी वित्तीय प्रणालीअन्तर्गत वित्तीय सेवाहरू सहज रूपमा उपलब्ध हुनुपर्दछ । वित्तीय सेवामा रहेको पहुँच मापनका निम्ति बैंक खाता, मोबाइल तथा इन्टरनेट बैंकिङको उपलब्धता, एटीएमको उपलब्धता, कार्ड तथा वालेटको संख्या, बैंक शाखा, बीमा सेवाको उपलब्धता, बीमित निक्षेप, लघुवित्त र सहकारीको उपस्थिति, डिम्याट खाता, पुँजी बजारमा पहुँचको अवस्थालगायतका सूचकको प्रयोग गर्ने गरिन्छ । यी सूचकको पर्याप्तताले सहज र सहुलियत रूपमा वित्तीय सेवाको प्रयोग गर्नसक्ने अवस्थाको सुनिश्चित गर्दछ र माग पक्षमा वित्तीय सेवा नपुग्नुका कारण र अवरोधलाई इङ्गित गर्दछ । दक्षिण एसियामा वित्तीय पहुँचसम्बन्धी सूचकको अवस्थालाई तालिका-१ मा प्रस्तुत गरिएको छ ।

वित्तीय सेवामा रहेको पहुँचको अवस्थालाई नियाल्दा केही सूचकमा नेपालको अवस्था दक्षिण एसियामा नै उत्कृष्ट रहेको देखिन्छ । जस्तै; प्रति एक लाख युवामा २२ वटा वाणिज्य बैंकका शाखा र ६४८ मोबाइल मनी एजेन्ट उपलब्ध छ । अन्य सूचकमा प्रति १,००० वर्ग कि.मि.मा वाणिज्य बैंकको शाखा र एटीएमको संख्या माल्दीभ्समा सबैभन्दा बढी पाइएको छ । यसै गरी, डेबिट र क्रेडिट कार्ड प्रयोगकर्ताको घनत्व माल्दीभ्समा सबैभन्दा उच्च छ । नेपालमा भने प्रति एक हजार युवामा क्रेडिट कार्डको संख्या नौ र डेबिट कार्डको संख्या ४१४ छ । यी सूचकमा अफगानिस्तान सबैभन्दा पछाडि छ ।

पछिल्लो समयमा नेपालमा वित्तीय पहुँचमा उल्लेख्य प्रगति हुँदै गएको देखिन्छ । नेपाल राष्ट्र बैंकको तथ्याङ्कअनुसार ६७.३ प्रतिशत नेपालीको बैंक खाता छ । बैंक तथा वित्तीय संस्थामा बचत खाता जनसंख्याको १७७ प्रतिशत र कर्जा खाता छ प्रतिशत रहेका छन् । २०८० भदौमा बैंक तथा वित्तीय संस्थाको प्रतिशाखा जनसंख्या २,५२१ मा झरेको छ । विश्व बैंक (२०२२) को सर्वेक्षणअनुसार १६ प्रतिशतले वित्तीय संस्थामा बचत गर्दछन् भने करिब १५ प्रतिशतले वित्तीय संस्थाबाट कर्जा उपयोग गर्ने र २८ प्रतिशतले डिजिटल भुक्तानी गरेको पाइएको छ । यसै गरी, लघुवित्त र सहकारीमा आबद्ध जनसंख्या २५ प्रतिशत छ भने बीमित जनसंख्या ४० प्रतिशत रहेको छ । साथै, ५६ लाख डिम्याट र ४६ लाख 'मेरो सेयर' प्रयोगकर्ता रहेका छन् ।

### (ख) वित्तीय सेवाको उपयोग

वित्तीय सेवाको उपयोगसम्बन्धी सूचकले वित्तीय सेवाको प्रयोग, नियमितता र माध्यमको समेत मापन गर्दछन् । यसलाई डिजिटल कारोबारको संख्या, बीमामा जनसंख्याको अनुपात, बीमा, निक्षेप र कर्जाको जीडीपीसँगको अनुपात, निष्क्रिय खाताको प्रतिशत, बचत गर्ने, ऋण लिने र डिजिटल भुक्तानी गर्ने युवाको संख्या आदिले मापन गर्न सकिन्छ (हे. तालिका-२) ।

दक्षिण एसियामा वित्तीय सेवाको उपयोगको अवस्थालाई हेर्दा प्रति एक हजार युवामा मोबाइल/इन्टरनेट बैंकिङ कारोबारको संख्या माल्दीभ्समा सबैभन्दा उच्च छ ।

### तालिका-१: दक्षिण एसियामा वित्तीय पहुँचको स्थिति

| सूचक | बङ्गलादेश | भुटान | भारत | माल्दीभ्स | नेपाल | पाकिस्तान | श्रीलङ्का | अफगानिस्तान (२०१९) |
|---|---|---|---|---|---|---|---|---|
| वाणिज्य बैंकका शाखाको संख्या (प्रति एक लाख युवामा) | ९ | २१ | १४ | १४ | २२ | १० | १७ | २.२ |
| एटीएमको संख्या (प्रति एक लाख युवामा) | ११ | ४५ | २१ | ४० | २० | ११ | - | १.६ |
| मोबाइल बैंकिङ एजेन्टको संख्या (प्रति एक लाख युवामा) | ४१६ | - | - | १६६ | ६४८ | १८५ | - | ९.१ |
| वाणिज्य बैंकका शाखाको संख्या (प्रति १,००० वर्ग कि.मि.) | ८४ | ३ | ५१ | २०० | ३३ | १९ | ४७ | ०.६३ |
| एटीएमको संख्या (प्रति १,००० वर्ग कि.मि) | १०८ | ७ | ७५ | ५८० | ३० | २१ | - | ०.५५ |
| क्रेडिट कार्डको संख्या (प्रति एक हजार युवामा) | १५ | - | ६० | ६९ | ९ | १२ | - | ० |
| डेबिट कार्डको संख्या (प्रति एक हजार युवामा) | २१६ | - | ८६८ | १०९९ | ४१४ | २०३ | - | ३१ |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, २०२२*

### तालिका-२: दक्षिण एसियामा वित्तीय सेवाको उपयोग

| सूचक | बङ्गलादेश | भुटान | भारत | माल्दीभ्स | नेपाल | पाकिस्तान | श्रीलङ्का | अफगानिस्तान (२०१९) |
|---|---|---|---|---|---|---|---|---|
| मोबाइल र इन्टरनेट बैंकिङ कारोबारको संख्या (प्रति एक हजार युवामा) | ३१९ | – | २८०९२ | १४१,५४२ | ५३९२ | २१३४ | – | – |
| वाणिज्य बैंकको निक्षेप अनुपात (कुल गार्हस्थ्य उत्पादनमा) | ४३ | – | ६६ | ६४ | ९८ | ३१ | ६५ | १८ |
| वाणिज्य बैंकको कर्जा अनुपात (कुल गार्हस्थ्य उत्पादनमा) | ३६ | – | ४७ | ४१ | ८७ | १६ | ५७ | ३ |
| साना तथा मध्यम उद्योग कर्जा अनुपात (कुल गार्हस्थ्य उत्पादनमा) | ८ | – | ६ | – | – | १ | ५ | ० |
| मोबाइल बैंकिङ कारोबार (कुल गार्हस्थ्य उत्पादनमा) | २२ | – | ०.६४ | ०.२६ | ११ | १६ | – | ०.२० |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, २०२२*

### तालिका-३: दक्षिण एसियामा वित्तीय साक्षरताको स्थिति

| | बङ्गलादेश | भुटान | भारत | माल्दीभ्स | नेपाल | पकिस्तान | श्रीलङ्का | अफगानिस्तान |
|---|---|---|---|---|---|---|---|---|
| वित्तीय रूपमा साक्षर युवा (%) | १९ | ५४ | २४ | – | १८ | २६ | ३५ | १४ |

*स्रोत: एस एन्ड पी, २०१४*

जसअनुसार त्यहाँ एक वर्षमा करिब एक लाख ४१ हजार विद्युतीय कारोबार हुने गरेका छन्। नेपालमा भने यस्तो संख्या करिब पाँच हजार छ। यसै गरी, वाणिज्य बैंकको निक्षेप र कर्जाको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात हेर्दा दक्षिण एसियामा सबैभन्दा बढी नेपालमा क्रमशः ९८ र ८७ प्रतिशत रहेको छ।

वित्तीय सेवाको उपयोगका हिसाबले नेपालमा पछिल्लो समयमा उल्लेख्य प्रगति हुँदै गएको छ। हाल मोबाइल बैंकिङ खाताको संख्या करिब दुई करोड १९ लाख, वालेटको संख्या एक करोड ९९ लाख र इन्टरनेट बैंकिङ खाताको संख्या करिब १८ लाख रहेको छ। जुन जनसंख्याको क्रमशः ७५, ६८ र ६.५ प्रतिशत हो। विगत दुई वर्षमा मोबाइल र इन्टरनेट बैंकिङ प्रयोगकर्ताको संख्या क्रमशः १० र १८ प्रतिशतले बढेको छ। पछिल्लो दुई वर्षमा वालेट प्रयोगकर्ता ३७ प्रतिशतले बढेका छन् भने क्युआरमार्फत हुने भुक्तानीमा करिब १२७ प्रतिशतले वृद्धि

**तालिका-४: दक्षिण एसियामा बैंक खाता कम हुनुका प्रमुख कारणहरू (प्रतिशतमा)**

| बैंक खाता कम हुनुका कारणहरू | बङ्गलादेश | भुटान | भारत | माल्दीभ्स | नेपाल | पाकिस्तान | श्रीलङ्का | अफगानिस्तान (२०१९) |
|---|---|---|---|---|---|---|---|---|
| भौगोलिक दुरी बढी भएको कारण | २२.९ | - | १०.४४ | - | ११.५६ | २४.१० | २.२२ | ३७.७२ |
| वित्तीय सेवा खर्चिलो | ३१.८७ | - | १०.४१ | - | ८.७८ | ३३.३६ | ५.४४ | २९.४७ |
| बैंक तथा वित्तीय संस्थामा विश्वासको कमी | १५.७० | - | ७.७५ | - | ५.४५ | १४.६० | १.३८ | ३८.४४ |
| आवश्यक कागजातको कमी | २१.०५ | - | ६.५२ | - | ११.१४ | २१.७७ | ३.०५ | ३६.१३ |

*स्रोत: विश्व बैंक, २०२१*

भएको छ। बैंक तथा वित्तीय संस्थामा रहेको निष्क्रिय खाताको हिस्सा भने करिब ३० प्रतिशत छ।

### (ग) वित्तीय सेवाको गुणस्तर

मुलुकमा उपलब्ध वित्तीय सेवा ग्राहकको आवश्यकताअनुरूप छन् वा छैनन् र उपलब्ध सेवाको गुणस्तर कस्तो छ भन्ने पक्ष वित्तीय सेवाको गुणस्तरले देखाउँछ। वित्तीय साधनको विकल्पको अवस्था, वित्तीय साक्षरता र ग्राहक संरक्षणको अवस्थाले वित्तीय सेवाको गुणस्तरलाई चित्रण गर्दछ। यसै सन्दर्भमा जी-२० मुलुकले विकास र असमानता न्यूनीकरणको लागि वित्तीय समावेशीकरण अपरिहार्य रहेको उल्लेख गर्दै वित्तीय ज्ञान, वित्तीय आचरण, पारदर्शी वित्तीय सेवा, कर्जाको सहज उपलब्धता र ग्राहक संरक्षणको अवस्थाले वित्तीय सेवाको गुणस्तर मापन गर्न सकिने उल्लेख गरेको छ। दक्षिण एसियामा वित्तीय सेवाको गुणस्तरसम्बन्धी धेरै सूचकको तथ्याङ्क उपलब्ध छैन। फिनलिट सर्वे, २०१४ अनुसार दक्षिण एसियामा रहेको वित्तीय साक्षरताको स्थितिलाई तालिका-३ मा प्रस्तुत गरिएको छ।

उक्त सर्वे अनुसार भुटानमा सबैभन्दा बढी अर्थात् ५४ प्रतिशत युवा वित्तीय रूपमा साक्षर रहेको पाइएको छ भने नेपालमा त्यस्तो संख्या १८ प्रतिशत रहेको र सबैभन्दा कम अफगानिस्तानमा रहेको देखिएको छ।

वित्तीय सेवाको गुणस्तर मापनका लागि वित्तीय सेवाको उपयोगमा रहेका कठिनाइलाई समेत सूचकको रूपमा उपयोग गरिन्छ। यसअन्तर्गत बैंक खाता खोल्नमा विद्यमान कठिनाइलाई प्रमुख सूचकको रूपमा लिने गरिएको छ। विश्व बैंकको सर्वेक्षणअनुसार बैंक खाता नहुनुका प्रमुख कारणलाई तालिका-४ मा देखाइएको छ।

उक्त सर्वेक्षणअनुसार नेपालमा बैंक तथा वित्तीय संस्थामा खाता नहुनुको प्रमुख अवरोधमा भौगोलिक दुरी र कागजातको कमी रहेको पाइएको छ।

**वित्तीय समावेशीकरणले वित्तीय सेवामा सर्वसाधारणको पहुँच सुनिश्चित गर्नुका साथै वित्तीय अनुशासनको माध्यमबाट वित्तीय क्षेत्रमा स्थायित्व कायम गर्न टेवा पुग्ने भएकोले विकासोन्मुख र विकसित अर्थतन्त्रले यसलाई प्राथमिकतामा राखेका छन्।**

पछिल्लो समयमा नेपालमा वित्तीय सेवाको गुणस्तरमा जोड दिन थालिएको छ। वित्तीय साक्षरता, वित्तीय ग्राहक संरक्षण, गुनासो सुनुवाइको व्यवस्था, वित्तीय सेवाको शुल्क एवम् सर्तसम्बन्धी निर्देशन यसका उदाहरण हुन्। नेपाल राष्ट्र बैंकको सर्वेक्षणअनुसार नेपालमा वित्तीय साक्षरता सूचकाङ्क ५७.९ प्रतिशत रहेको छ। वित्तीय साक्षरता सूचकाङ्कका तीन आयाममा वित्तीय ज्ञान ४७.३ प्रतिशत, वित्तीय व्यवहार ६३.५ प्रतिशत र वित्तीय मनोवृत्ति ६४.१ प्रतिशत रहेको पाइएको छ।

### वित्तीय समावेशीकरणका लागि भएका नीतिगत प्रयास

पन्ध्रौं विकास योजनाको उद्देश्यबमोजिमको समतामूलक, समावेशी तथा समृद्ध मुलुक निर्माणको लागि सरकारले वित्तीय समावेशीकरणलाई प्राथमिकतामा राखेको छ। यसको प्रवर्द्धनको लागि नेपाल राष्ट्र बैंकले पनि विभिन्न नीतिगत व्यवस्था कार्यान्वयन गर्दै आएको छ।

- दिगो विकास लक्ष्य प्राप्तिको लागि सन् २०३० सम्म ८० प्रतिशत घरपरिवारमा वित्तीय सेवाको पहुँच पुर्‍याउने लक्ष्य
- वित्तीय क्षेत्र विकास रणनीति, (२०७३/७४ -२०७७/७८) र Nepal Financial Inclusion Action Plan 2017
- सहुलियत तथा विपन्न क्षेत्र कर्जाको व्यवस्था
- सबै स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुर्‍याउने लक्ष्य
- राष्ट्रिय भुक्तानी प्रणाली रणनीति, २०१७ वित्तीय साक्षरता रूपरेखा,२०७९ र वित्तीय साक्षरता मार्गदर्शन, २०७९
- Financial Inclusion Dashboard, डिजिटल वित्तीय साक्षरता तथा वित्तीय साक्षरता प्रशिक्षक तालिम कार्यक्रम

### निष्कर्ष

वित्तीय समावेशीकरणलाई आर्थिक वृद्धि, गरिबी न्यूनीकरण र सामाजिक विकासको लागि महत्त्वपूर्ण स्तम्भ मानिएको छ। वित्तीय समावेशीकरणले वित्तीय सेवामा सर्वसाधारणको पहुँच सुनिश्चित गर्नुका साथै वित्तीय अनुशासनको माध्यमबाट वित्तीय क्षेत्रमा स्थायित्व कायम गर्न टेवा पुग्ने भएकोले विकासोन्मुख र विकसित अर्थतन्त्रले यसलाई प्राथमिकतामा राखेका छन्। दक्षिण एसियाली मुलुकमा समान किसिमका भौगोलिक बनोट र आर्थिक स्थिति रहेको हुँदा वित्तीय समावेशीकरणलाई यी मुलुकले साझा लक्ष्य बनाएका छन्। यस सन्दर्भमा नेपाल सरकार र नेपाल राष्ट्र बैंकले यसको प्रवर्द्धनको लागि विभिन्न नीति निर्माण गरी कार्यान्वयन गर्दै आएका छन्। वित्तीय समावेशीकरणका सूचकहरू बलियो बनाउन बैंकले डिजिटल प्रविधि र फिनटेकको माध्यमबाट वित्तीय सेवाबाट विमुख रहेका जनतालाई वित्तीय सेवाको पहुँचमा ल्याउनुका साथै सम्पूर्ण प्रयोगकर्तालाई वित्तीय प्रविधिको सुरक्षित उपयोग गर्न प्रोत्साहन गर्नुपर्ने देखिन्छ। ■

# विभिन्न कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न





२०८० असोज महिनामा विभिन्न विभाग/कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न भएका छन्। यसै सिलसिलामा नेपालगञ्ज कार्यालयमा भदौ २७ गते ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा कार्यालयका सहायक निर्देशक मामराज पथिक धोबीले 'Code of Conduct at Workplace' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले कर्मचारीले पालना गर्नुपर्ने नैतिक र आचरणगत विषयबारे चर्चा गर्नुभयो। नेपालगञ्ज कार्यालयका निर्देशक गिरिजाप्रसाद कोइरालाको संयोजकत्वमा आयोजित कार्यक्रममा कार्यालयका कर्मचारीहरूको सहभागिता थियो।

जनकपुर कार्यालयले असोज १६ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा कार्यालयका का.मु.निर्देशक सुजन खनालले 'AML/ CFT Regulatory Compliance' विषयमा प्रस्तुति दिनुभयो। त्यस क्रममा उहाँले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणको स्थिति, कानुनी तथा नीतिगत व्यवस्था, नियामकीय भूमिका, सम्भावित चुनौतीलगायतका पक्षबारे जानकारी दिनुभयो। कार्यक्रममा कार्यालयका कर्मचारीको सहभागिता थियो।

यसै गरी, धनगढी कार्यालयले असोज १७ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा कार्यालयका सहायक निर्देशक भोजराज भट्टले 'Foreign Exchange Reserve Management' विषयमा वार्ता प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले विदेशी विनिमय सञ्चितिको आवश्यकता, सञ्चिति व्यवस्थापनमा राष्ट्र बैंकबाट भएका अभ्यास, विदेशी विनिमय सञ्चितिमा विश्व बजार र नेपालमा देखिएका चुनौती र यसलाई सम्बोधन गर्न आवश्यक उपायबारे जानकारी दिनुभयो। कार्यालयका निर्देशक विनोदराज लेखकको अध्यक्षतामा आयोजित कार्यक्रममा कार्यालयका कर्मचारीहरूको सहभागिता थियो।

यसै गरी, विराटनगर कार्यालयले असोज २४ गते 'मानव संशाधन व्यवस्थापनका विविध पक्ष' विषयक ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा मानव संशाधन व्यवस्थापन विभागका कार्यकारी निर्देशक तुलसीप्रसाद घिमिरेले वार्ता प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले नेपाल राष्ट्र बैंकको मानव संशाधन व्यवस्थापनको समग्र स्थिति, विभागको भूमिका र भावी चुनौतीबारे चर्चा गर्नुभयो। कार्यक्रममा कार्यालयका निर्देशक इन्द्रा चम्लागाईं मैनालीले समापन मन्तव्य राख्नुभयो। सो अवसरमा कार्यालयका कर्मचारीहरूको सहभागिता थियो।

यसै गरी, गभर्नरको कार्यालयले असोज २५ गते 'नेपाली शुद्ध लेखन' विषयक ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा कार्यालयका उप-निर्देशक डा. भागवत आचार्यले नेपाली वर्ण विन्यास तथा हिज्जेका नियम र नेपाली शुद्ध लेखनका विविध पक्षबारे वार्ता प्रस्तुत गर्नुभयो।

कार्यक्रममा काठमाडौंस्थित विभिन्न विभाग/कार्यालयका करिब ६० जना कर्मचारीको सहभागिता थियो। सो अवसरमा गभर्नरको कार्यालयका का.मु.कार्यकारी निर्देशक डा. डिल्लीराम पोखेलले समापन मन्तव्य राख्नुभएको थियो।

संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले असोज ३० गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो।

सो अवसरमा विभागका उप-निर्देशक खगेश्वर भण्डारीले 'Waste Management and Physical Intake Policy, 2080' को मस्यौदाका सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभयो। कार्यक्रममा विभागका कार्यकारी निर्देशक ऋषिकेश भट्टले बैंकको कार्यसम्पादनका क्रममा उत्पन्न हुनसक्ने फोहोरजन्य वस्तुको न्यूनीकरण हुने गरी कार्य वातावरण तयार गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो।

सो अवसरमा विभागका निर्देशक विनोदराज आचार्यले कार्यक्रमको उद्देश्य र उपादेयताबारे प्रकाश पार्नुभयो भने उप-निर्देशक ईमबहादुर क्षेत्रीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■





# सूचना प्रविधिसम्बन्धी अनुशिक्षण सम्पन्न

सूचना प्रविधि विभागले असोज २६ गते काठमाडौंमा 'IT Operation and Security Awareness' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

सूचना प्रविधिका विविध पक्ष र तिनको सुरक्षा चुनौतीबारे जानकारी दिने उद्देश्यका साथ विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा नेपाल राष्ट्र बैंकको सूचना प्रविधि प्रणाली, नीतिगत तथा भौतिक पूर्वाधार, सूचना प्रविधिमा देखिएका सुरक्षासम्बन्धी चुनौती र तिनको व्यवस्थापनका विषयमा तीन वटा कार्यपत्र प्रस्तुत गरिएको थियो । विभागका निर्देशकहरू सौरभदास मानन्धर, तरुणकुमार झा र डा. तेजनारायण ठाकुरले



कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक रामबहादुर मानन्धरले पछिल्लो समय वित्तीय प्रणालीमा साइबर सुरक्षासम्बन्धी जोखिम बढेको उल्लेख गर्दै त्यसप्रति सजग रहन सहभागीहरूलाई आग्रह गर्नुभयो । साइबर सुरक्षाका चुनौती र सोसम्बन्धी सचेतनाको निम्ति अनुशिक्षण कार्यक्रम फलदायी रहने विश्वाससमेत उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा काठमाडौंस्थित विभिन्न विभाग/कार्यालयका करिब ७० जना कर्मचारीको सहभागिता थियो । विभागका उप-निर्देशक मेघनाथ तिमिल्सिनाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# केन्द्रद्वारा चार वटा तालिम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले असोज महिनामा विभिन्न चार वटा तालिम कार्यक्रम सम्पन्न गरेको छ । यस क्रममा केन्द्रले असोज ७ देखि १२ गतेसम्म पोखरामा 'Central Banking Training for Non-officer' विषयक सहायकस्तरीय तालिम कार्यक्रम सञ्चालन गऱ्यो । १७ वटा सेसनमा सञ्चालित उक्त तालिममा विभिन्न विभाग/कार्यालयका ३० जना कर्मचारीको सहभागिता थियो ।

यसै गरी, केन्द्रले असोज १० गते आर्थिक गतिविधि एवम् विशेष अध्ययनसम्बन्धी अनुशिक्षण कार्यक्रम सञ्चालन गऱ्यो । प्रदेशस्थित कार्यालयको आर्थिक अनुसन्धान इकाइमा कार्यरत कर्मचारीलाई लक्षित गर्दै केन्द्रले उक्त अनुशिक्षण सञ्चालन गरेको हो । उक्त कार्यक्रममा काठमाडौंस्थित विभिन्न विभाग र प्रदेशस्थित कार्यालयका ३० जनाको सहभागिता थियो । चार वटा सेसनमा उक्त कार्यक्रम सञ्चालन गरिएको थियो ।

केन्द्रले असोज १४ देखि १९ गतेसम्म 'Risk Based Supervision' विषयक अधिकृतस्तरीय तालिम सञ्चालन गऱ्यो । १७ वटा सत्रमा सञ्चालित उक्त तालिममा काठमाडौंस्थित विभिन्न विभागका ३१ जना कर्मचारीको सहभागिता थियो ।

यसै गरी, केन्द्रले असोज २१ देखि २६ गतेसम्म 'TOT Program for Financial Literacy Trainer' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो । वित्तीय साक्षरतासम्बन्धी तालिमको निम्ति प्रशिक्षक तयार गर्ने उद्देश्यले उक्त तालिम सञ्चालन गरिएको हो । उक्त तालिममा २५ जनाको सहभागिता थियो । १७ वटा सेसनमा उक्त तालिम सञ्चालन गरिएको थियो । ■

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**
**सूचना तथा सञ्चार महाशाखा**
बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०/३६२
इमेल : samachar@nrb.org.np,
वेबसाइट : www.nrb.org.np

*सम्पादक*
**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*
सविन ओली
लालकुमार सुवेदी
नवीना ताम्राकार

*ले-आउट*
संजीव दाहाल